नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(होटल तथा पर्वतारोहण शाखा)

www.tourismdepartment.gov.np
Email: info@tourismdepartment.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१


पत्र संख्या :- ०७६/७७
च.नं :-

# सूचना

प्रकाशित मिति :२०७६।१२।०५

मिति २०७६/१२/०४ मा यस विभागका महानिर्देशकज्यूको संयोजकत्वमा विभागको सभाकक्षमा अध्यागमन विभाग, होटल एसोसिएसन नेपाल, पर्यटक प्रहरी लगायतका पर्यटन व्यवसायसंग सम्बद्ध पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी महामारीको रुपमा विश्वव्यापी रुपमा फैलदै गएको कोभिड-१९ (नोवल कोरोना भाइरस) बाट बच्न र बचाउन उच्च सतर्कता अपनाउनुपर्ने निष्कर्ष सहित देहाय बमोजिमका निर्णय गरिएकोले उक्त निर्णयको पालना गर्नु/गराउनु हुन समेत सम्बन्धित सबैमा अनुरोध छ :-

१. यस विभागबाट स्तर वर्गीकरण गरिएका रिसोर्ट तथा तारे स्तरका होटेलहरुले आ-आफ्नो विद्युतीय प्रणाली मार्फत् विदेशबाट आएका आगन्तुकहरुको Check in, Check-out, आगामी गन्तब्य लगायतका तल उल्लेख गरिए बमोजिमको विवरण पर्यटन विभागको पोर्टलमा अनिवार्य प्रविष्ट गर्ने/गराउने व्यवस्था शीघ्रातिशीघ्र मिलाउनुहुन ।

२. यस विभागबाट स्तर वर्गीकरण नभएका विदेशी पर्यटकहरु राख्ने प्रत्येक होटल, रिसोर्टहरु एवं अतिथि गृहहरुले आगन्तुकहरुको विवरण पर्यटन विभागको पोर्टलमा प्रविष्ट गर्न User Creat गरी पर्यटकहरुको Tracking गर्न तल उल्लेख गरिए बमोजिमको विवरण सहित शीघ्रातिशीघ्र यस विभागमा सम्पर्क राख्नुहुन ।

विवरण

| क्र.सं. | पर्यटकको नाम | पासपोर्टको विवरण | देश/ठेगाना | नेपालमा रहने अवधि | त्यस होटलमा रहने अवधि | आगामी गन्तव्य | होटलको सम्पर्क व्यक्ति तथा सम्पर्क नं. | अन्य आवश्यक सूचना |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

३. पर्यटन व्यवसायसंग सम्बद्ध सम्पूर्ण निकायहरुले महामारीको रुपमा विश्वव्यापी हुदै गएको कोभिड-१९ (नोवल कोरोना भाइरस) बाट बच्न र बचाउन WHO Guidelines तथा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचना र मार्गदर्शनको पूर्णतः अनुशरण गर्नु/गराउनुहुन ।